कार्यपालिकाको ... सुर्खेत कर्णाली प्रदेश, नेपाल २०७२

# भेरीगंगा नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय

## छिन्चु,सुर्खेत

## कर्णाली प्रदेश , नेपाल

नदी जन्य पदार्थ उत्खन्न गरी बिकी बितरण तथा आन्तरिक निकासी गर्ने कार्यको दरभाउपत्र आव्हान सम्बन्धि सुचना

( प्रथम पटक प्रकाशित मिति २०७७/०९/१७ गते)

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२ क र यस भेरीगंगा नगरपालिकाको आर्थिक ऐन २०७७..को ब्यबस्था बमोजिम तपसिलमा उल्लेखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खन् गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक ब्यक्ति , फर्म वा कम्पनीहरुले तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही दरभाउपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ ।

तपसिल

| सि.नं. | सुचना नं./बोलपत्र नं. | बोलपत्रको नाम | उत्खन् परिमाण (धन मिटर ) | न्यूनतम बोलपत्र रकम ( सेवाशुल्क र मू. अ. कर बाहेक ) | धरौटी रकम ५ % | बोलपत्र दस्तुर ( रु ) |
|---|---|---|---|---|---|---|
| १ | BGM/NCB/2077/078/04 | भेरीनदीको नदीजन्य पदार्थहरुको उत्खन्न,संकलन तथा बिकी बितरण कार्य | 12619.20 घन मिटर | 1335616.12 | 75500 | 1000 |

शर्तहरु

१) फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाण पत्र , मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र , आ.ब.२०७६/०७७ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र ब्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि , दरभाउपत्र फाराम दस्तुर वापत यस कार्यालयको राजस्व शाखामा नगदै तिरेको वा कृषि बिकास.बैक शाखा कार्यालय छिन्चु मा रहेको यस कार्यालयको खाता नं.०७२१००११४६०३७२२१ मा नगद जम्मा गरेको नगद भौचर साथ निबेदन पेश गरी यो सुचना प्रथम पटक प्रकाशन भएको मितिले १५ औ दिनको कार्यालय समयभित्र कार्यालयबाट दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ । दरभाउपत्र पेश गर्ने अन्तिम दिन सार्बजनिक बिदा पर्न गएमा सोको लगतै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ ।

२) दरभाउपत्र सम्बन्धि फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आफुले कबोल गरेको अंकको ५ % प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको कृषि बिकास बैक,शाखा छिन्चुमा मा रहेको धरौटी खाता नं ०७२१००११४६०३७१६७ जम्मा गरी सोको सक्कल भौचर वा नेपाल राष्ट्र बैक बाट इजाजत प्राप्त क श्रेणी बैकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी ९० दिनको म्याद सहित जारी गरिएको बिड बण्ड शिलबन्दी खाम साथ पेश गर्नु पर्ने छ ।

३) खरिद गरेको दरभाउपत्र फारामहरुमा उल्लेख भएका सबै बिबरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी शिलबन्दी गरी खाम बाहिर फर्मको नाम , ठेगाना , कामको बिबरण , दरभाउपत्र बिबरण प्रोप्राईटरको नाम ,फोन नं.,मोबाईल नं.समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सुचना प्रकाशित भएको मितिले १६ औ दिन दिनको १२ बजे भित्र दर्ता गर्नु पर्ने छ ।

४) एक फर्म वा संस्थाको नाममा खरिद गरिएको दरभाउपत्र अर्को फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाईने छैन । रीतपूर्बक पर्न आएका दरभाउपत्र सम्बन्धि कागजातहरु पेश गर्ने अन्तिम दिनको १ बजे देखि बिभिन्न कार्यालयका प्रतिनिधि , निर्माण ब्यबसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै दरभाउपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा हुनेछ ।

जगत बहादुर ...

५) दरभाउपत्र सम्बन्धि बिस्तृत जानकारी बोलपत्र सम्बन्धि फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्ने वा यस कार्यालयमा सम्पर्क राख्न सकिने छ । म्याद नाघी , रीत नपुगी वा शर्तसहित पेश हुन आएका दरभाउपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धि सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

६) दरभाउ स्वीकृत भएमा सो को सुचना वा घरदैलोमा सूचना टाँस भएको मितिले १५.दिनभित्र मू .अ.कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता वापत ५०% प्रतिशितले हुने रकम अनिवार्य बुझाउनु पर्नेछ । दोस्रो किस्ताबापत ५०% प्रतिशतले हुने रकम नेपाल राष्ट बैकबाट ईजाजत प्राप्त क श्रेणी बैकबाट यस कार्यालयको नाममा २०७८ साल असार मसान्त सम्म म्याद सहित जारी गरिएको बैक ग्यारेन्टी (परफरमेन्स बण्ड ) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ । साथै बोलपत्र कबोल गर्ने ब्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक , सेवा शुल्क वापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३ % भ्याट रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर दरभाउपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।

७) तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ । यस नगरपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ , सम्बन्धित स्थानीय तहबाट जारी भएका कानुन , प्रदेश कानुन तथा अन्य प्रचलित कानुन वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिबेदन यस दरभाउपत्र सम्मझौताको अभिन्न अंग मानिनेछ ।

नोट : बिस्तृत जानकारीको लागि यस कार्यालयको website .www.bherigangamun.gov.np...मा समेत हेर्न सकिनेछ ।

२०७८।५।१६

जगत बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत